# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बहुक्षेत्रिय पोषण कार्यक्रम
# सुनौला हजार दिनका आमाहरुलाई कुखुरा वितरण कार्यक्रम, कुखुरा वितरणको प्रतिबेदन

## १ परिचयः

बहुक्षेत्रिय पोषण कार्यक्रम सुनौला हजार दिनका आमा र बच्चाहरुको स्वास्थ्य र पोषण क्षेत्रमा काम गर्ने कार्यक्रम हो । यो कार्यक्रम नेपाल सरकार,योजना आयोगले यूरोपियन युनियनको सहयोगमा तयार गरि सञ्चालनमा रहेको छ । नेपालका विभिन्न जिल्लाअन्तर्गत पोषणको पहुच पुग्न नसकेका क्षेत्रमा सञ्चालन भैरहेको छ ।यो कार्यक्रम अनतर्गत हजारदिनका आमाहरुलाई कुखुरा वितरण, घ्यू,मह,करेसावारी निर्माण,च्याउ खेति,हजारदिनका आमाहरुको गोष्ठी,बैठक,पालिका र वडा पोषण समितिको बैठक,विभिन्न समयमा वाल पोषण र किसोरी पोषण समिक्षा कार्यक्रम,विद्यालयमा करेसावारी निर्माण,किशोरी अविमुखिकरण,खानेपानी तथा सरसफाई आदि क्षेत्रमा काम गर्ने गर्दछ ।

गाउँपालिकामा पोषण संयोजक मार्फत कृषि शाखा,मत्स्सय तथा पशुपन्छी शाखा,महिला तथा बालबालिका शाखा, शिक्षा युवा तथा खेलकुद विकास शाखा र स्वास्थ्य शाखाले बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यन्वयन गर्ने गर्छन । मत्स्य तथा पशुपन्छी शाखाले पोषण क्षेत्रमा सहयोग गर्नका लागी ग्रामिण कुखुरा प्रवर्द्वन कार्यक्रम गर्ने गर्दछ । जसमा कुखुरा पालन सम्बन्धी तालिम,कुखुराको खोर निर्माणमा समन्वय तथा स्थानिय तथा उन्नत जातका कुखुरा वितरण आदि क्रियाकलाप सञ्चालन गर्ने गर्दछ ।

बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत भूमे गाउँपालिका मत्स्य तथा पशुपन्छी शाखाले पनि आ.व.२०७८/०७९को वार्षिक बहुक्षेत्रिय पोषण कार्यक्रमको स्वीकृत सुनौला हजारदिनका आमालाई कुखुरा वितरण कार्यक्रम अन्तर्गत सूनौला हजारदिनका आमाहरुको समुह गठन गरि कुखुरापालन सम्बन्धी १ दिने स्तलगत तालिम र कुखुरा वितरण गरिएको छ । ३४ जना सुनौला हजारदिनमा आमाहरुलाई कुखुरा वितरण र १ दिने तालिम सञ्चालन गरिएको थियो । जसमा भूमे गाउँपालिका वडा नं. ९ को सिमचौर, गोठिवाङ र बाहुन काटिना टोलका सुनौला हजारदिनका आमाहरु लाभाम्वित भएका छन ।

## २ पृष्ठभुमिः

भूमे गाउँपालिका वडा नं ९ मा जनजातीहरुको बाहुल्यता छ । जहा मगर र दलितहरुको बसोवास रहेको क्षेत्र हो । यहाँ वस्ने मानिसहरु पोषण क्षेत्रमा पिछडिएको क्षेत्र हो । यहाका महिला तथा वलवालिकाहरुमा कुपोषणको समस्या देखिन्छ । कुपोषणलाई केहि हदसम्म टाढा धकेल्नका लागि कुखुरापालन व्यवसाय महत्वपुर्ण मानिन्छ । कुखुरापालन व्यवसायबाट मनग्य आम्दानी र छोटो समयमा अण्डा र मासु उत्पादन

र उपभोग गरि पोषण क्षेत्रमा सुधार गर्न सकिन्छ । कुखुरापालन व्यवसायले सानो लगानी र छोटो समयमा आम्दानी गर्न र पोषणमा सुधार गर्न सहयोग पुग्दछ ।

**३ विषय सुची :**

सुनौला हजार दिनका आमाहरुलाई ग्रामिण कुखुरा वितरण गरि अमा र बच्चाको पोक्षणमा सुधार गर्न सहयोग गर्ने।

**४ धन्यबाद ज्ञापन :**

सुनौला हजार दिनका आमाहरुलाई वितरण गर्न आवश्यक पर्ने ८ हप्ते ग्रामिण जातका कुखुरा उपलब्ध गराई सहयोग गर्नुहुने कुखुरा विकास फर्म खजुरा बाकेका कार्यालय प्रमुख शंकर न्सौपाने लगायत उहाको टिमलाई धन्यावाद दिन चाहान्छु। कुखुरा वितरण गर्न सहयोग गर्ने चुन्वाङ स्वास्थ्य चौकी प्रमुख चित्र विष्ट,९ नं वडा अध्यक्ष विबेक पुन र प्रहरी चौकी चुन्वाङका सम्पूर्ण टिमलाई विशेष धन्यावाद ग्यापन गर्दै अझै पनि सहयोग को अपेक्षा व्यक्त गर्दछु ।

**५ उदेश्यहरु :**

- ✓ सुनौला हजार दिनका आमाहरुको पोषण सुधार गर्ने ।
- ✓ ग्रामिण कुखुराको विकास र विस्तार गर्ने ।
- ✓ सुनौला हजार दिनका आमाहरुलाई कुखुराको अण्डा उत्पादन र पहु पर्‍याउने ।
- ✓ जीविकोपार्जन र पोषणमा सहयोग गर्ने ।
- ✓ आर्थिक उपार्जनमा सहयोग गर्ने ।
- ✓ पोषण सुधारमा सहयोग गर्ने ।

**६ क्रियाकलाप :**

मिति २०७९/०१/०९ गतेका दिन भूमे गाउँपालिका वडा नं ९ का सिमचौर,गोठिवाङ र बाहुनकाटिना टोलमा रहेका ३४ जना सुनौला हजार दिनका आमालाई कुखुरा तथा कुखुरालाई चाहिने दाना वितरण गरियो । कुखुरा वितरण गर्दा स्थानिय सडक विग्रिएको कारणले गर्दा ठूलो सास्ती भोगियो ।वितरण गर्ने कुखुराका चल्ला, कुखुरा विकास पर्म खजुरा बाकेबाट ग्रामिण कुखुराका चल्ला खरिद गरिएको थियो।

**७ व्यक्तिगत अनुभब :**

भूमे गाउँपालिका,बहुक्षेत्रिय पोषण कार्यक्रम गर्दा केहि सहजता र केहि अप्ठेरा परिस्थितिहरु सामना गर्नु पनि स्वभाविकै हो । हाम्रो जस्तो बिकासको जडले पाईला टेक्न लागेको र विकासलाई पनि निकास बनाउनका लागि बन्दै गरेका कृषि सडक,लिङ्क सडक र मेन सडकहरु अस्त व्यस्त छन ।बिग्रिएका सडकहरु मर्मत गरे पन गरे जस्ता देखिन्नन । हिउदमा उड्ने धुलो र बर्षायाममा अअउने पहिरोले सडकलाई सडक जस्तो देखाउदैन। सायदै बिकासमा सबै प्राविक र सबै ठेकदार भएर होला कतै सडक बेरक नलाग्ने ओराल र कतै गाडीको ईन्जिनले धान्न नसक्ने उकाला देखिन्छन । कतै फन पार्क जस्ता मिनेटै पिछे अकाला र होराला बाटोले दिक्कै बनायो ।कुखुरा बोकेको गाडि चढ्न नसकेर सास्ती भोगियो भने कतै मोड नपुगेर हैरानी

ब्यहोरियो जेहोस कार्यक्रम चाहि आसा लाग्दो देखियो । हजार दसनका आमाहरुले आफ्नो पोषण सुधार गरि मनग्य फाईदा लिनुहुनेछ भन्ने आस लागेको छ ।
हजार दिनका आमा,बच्चा र किसोरकिसोरीहरुलाई आवश्यक पर्ने पशुपन्छी जन्य पोष्टिक तत्वहरु सहज तरिकाले छोटो समयमा कुखुराको अण्डा र मासुबाटप्राप्त गर्न सक्ने आस लिएकोछू ।पिछडिएका क्षेत्रमा कुपोणका कारणले बर्षेणी आमा र बच्चाको स्वास्थ्यमा देखिने नकरात्मक समस्यहरु हल गर्न हअयोग पुग्ने छ ।बहुक्षेत्रिय पोषण कार्यक्रमले मानिसका बहुक्षेत्रमा स्वास्थ्य सुधार गर्नेछ ।

**८ छोट्करीमा भूमे ९ रुकूम (पूर्व) का कुखुरा र कुखुराको दाना प्राप्त गर्ने सुनौला हजारदिनका आमाहरुको विवरण**

| क्र स | नाम थर | कुखुराका संख्या | दाना कि.ग्रा. | कैफियत |
|---|---|---|---|---|
| १ | रमिता ओली पुन | १० | ९.४ | |
| २ | सनिका पुन | १० | ९.४ | |
| ३ | जानकी पुन | १० | ९.४ | |
| ४ | धन कुमारी बि.क. | १० | ९.४ | |
| ५ | मिना पुन | १० | ९.४ | |
| ६ | कल्पना पुन | १० | ९.४ | |
| ७ | भारती पुन | १० | ९.४ | |
| ८ | संगिता ताम्राकार पुन | १० | ९.४ | |
| ९ | सर्मिला पुन | १० | ९.४ | |
| १० | जुना पुन | १० | ९.४ | |
| ११ | तुलसी पुन | १० | ९.४ | |
| १२ | विन कुमारी घर्ती पुन | १० | ९.४ | |
| १३ | रेजिना पुन | १० | ९.४ | |
| १४ | सम्झना विष्टपुन | १० | ९.४ | |
| १५ | आशा पुन | १० | ९.४ | |
| १६ | पान कुमारी पुन | १० | ९.४ | |
| १७ | निशा तामाङ | १० | ९.४ | |
| १८ | कृष्णा पुन | १० | ९ | |
| १९ | शान्ती थापा | १० | ९.२ | |
| २० | प्रकृती मल्ल | १० | ९.४ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | निशा पुन | १० | ९.४ | |
| २२ | रमना रोका | १० | ९.४ | |
| २३ | विष्णे पुन | १० | ९.४ | |
| २४ | जमुना रोका | १० | ९.४ | |
| २५ | विपना रोका | १० | ९.४ | |
| २६ | मनमती पुन | १० | ९.४ | |
| २७ | मन कुमारी पुन | | | नलिएको |
| २८ | जेनिशा पुन | | | नलिएको |
| २९ | रमिला बुढा | १० | ९.४ | |
| ३० | नौशरी पुन | १० | ९.४ | |
| ३१ | सितला पुन | १० | ९.४ | |
| ३२ | सामना बुढा | १० | ९.४ | |
| ३३ | समिक्षा रोका | १० | ९.४ | |
| ३४ | रुपा पुन | १० | ९.४ | |
| ३५ | विनिता पुन | १० | ९.४ | |
| ३६ | रयना पुन | १० | ९.४ | |
| | जम्मा | ३४० | ३१९ kg | |

## ९ लाभाम्वित जनसंख्याको विवरण

| क्र.श | विवरण | संख्या |
|---|---|---|
| १ | महिला | ३४ |
| २ | पुरुष | ० |

## १० कार्यक्रम गर्दा आई परेका समस्यः

- कुखुरा वितण गर्ने स्थान दुर्गम भएकोले उकालो सडक भएको हुनाले गाडि चढ्नसकेन ।
- पशु सेवा शाखामा यातायातको साधन नहुदा जीप चढेर चादा ढिला पुगियो ।
- सुनौला हजारदिनका आमा बाहेक अन्य व्यक्तिहरुले पनि कुखुरा दिनुपर्ने माग राख्नु भयो ।

## ११ समस्या समाधानका उपायहरुः

- स्थानिय सडकको सुधार गर्नुपर्ने देखिखिन्छ ।
- ट्र्यारेक मात्र अनेर छोड्नु भन्दा राम्रो सडक बनाएर प्रयोगमा ल्याउने ।
- पशु सेवा शाखामा फिल्डका लागि प्रयोग गर्ने एउटा मोटरसाईकलको ब्यवस्था गर्ने ।

- सुनौला हजारदलिनका आमाहरुको जस्तै कार्यक्रम अन्य समुदायमा पनि लागु गर्नुपर्ने ।

## १२ कुखुरा वितरणका केहि तस्विरहरु






















## १३ निष्कर्ष :

समग्ररुपमा कुखुरा वितरण कार्यक्रम सौवार्द र सान्त वातावरणमा सम्पन्न भएको छ । कुखुरा वितरण कार्यक्रमबाट लाभाम्वित सुनौला हजार दिनका आमाहरुको पोषणमा सुधार भई गाउँ कुपोषण मुक्त हुने छ।

<u>तयार गर्ने</u>

नारायण ओली

नायब पशु सेवा प्राबिधिक

भूमे गाउँपालिका पशु सेवा केन्द्र

मितिः२०७९/०१/१२